# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## म्याग्दे गाउँपालिका

## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ५१ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्षज्यू,
म्याग्दे गाउँपालिका, म्याग्दे गाउँकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले म्याग्दे गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४५ लाख ५८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.३२ लाख २३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.७ लाख २४ हजार, नियमित गर्नुपर्ने रू.९९ हजार र पेश्की रू.३ लाख १२ हजार रहेको छ। पालिकाको गतवर्ष रु १ करोड १८ लाख २० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १ करोड ५१ लाख ६६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

म्याग्दे गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | २५ | ४५५८ | ० | ० | ० | ४१ | २५ | ४५५८ | ३४२३ | ९९ | ७२४ | ० | ० | ८२३ | ३१२ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ११८२० | ० | १२१२ | १०६०८ | ० | ४५५८ | १५१६६ |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : म्याग्दे गाउँपालिका, तनहुँ , म्याग्दे गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण प्रसाद अधिकारी | २०७७-५-३० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हरि राम नागिला | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४,५५७,९०१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १२,५९,६०,०८२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,२४,९६,५८० | **चालु खर्च** | २८,६२,०९,१६६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६८,५३,००० | **पूँजीगत खर्च** | २३,४२,७०,२८१ |
| **राजश्व बाँडफाँट** | ६,४५,१२,३४६ | **वित्तीय/अन्य व्यवस्था** | २,३७,३३,३४४ |
| **आन्तरिक आय** | ५,२०,१२,५१३ | | |
| **अन्य आय** | १३,९६,९४,३५९ | | |
| **कुल आय** | ५५,५५,६८,७९८ | **कुल खर्च** | ५४,४२,१२,७९१ |
| **बाँकी मौज्दात** | | १,३७,३३,१६,०८७ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ४० सभा सदस्य, ११५-३५वर्ग किलोमिटर क्षेत्रफल तथा २८७०८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **आय व्यय विवरण** | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | 490969 | 474649 | 474649 | 448753 | 448753 |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | 478643 | 427309 | 427309 | 330048 | 330048 |
| ११००० कर | ११ | 84782 | 67957 | 67957 | 52209 | 52209 |
| १३००० अनुदान | | 320687 | 309785 | 309785 | 257515 | 257515 |
| संघीय सरकार | १२ | 278399 | 272497 | 272497 | 241878 | 241878 |
| प्रदेश सरकार | १२ | 31853 | 26853 | 26853 | 15637 | 15637 |
| जनसहभागिता | | 10435 | 10435 | 10435 | 0 | 0 |
| १४००० अन्य राजस्व | | 73174 | 49567 | 49567 | 20324 | 20324 |
| ख. अन्य प्राप्ति | | 12326 | 47340 | 47340 | 118706 | 118706 |
| वितरण गर्न बाकी राजस्व | | 0 | 32011 | 32011 | 12386 | 12386 |
| कोषहरु | | 12326 | 9471 | 9471 | 14046 | 14046 |
| धरौटी | | 0 | 5858 | 5858 | 3478 | 3478 |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0 | 0 | 0 | 88796 | 88796 |
| भुक्तानी (ग+घ) | | 616929 | 443554 | 443554 | 397822 | 397822 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | 604603 | 432731 | 432731 | 299686 | 299686 |
| २१००० पारिश्रमिक / सुविधा | १८ | 166730 | 149622 | 149622 | 127243 | 127243 |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | 88060 | 64325 | 64325 | 59512 | 59512 |
| २६००० अनुदान | १८ | 2836 | 2836 | 2836 | 0 | 0 |
| २७००० सामाजिक सुरक्षा | १८ | 2101 | 847 | 847 | 10 | 10 |
| २८००० अन्य खर्च | १८ | 2541 | 2136 | 2136 | 1258 | 1258 |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | 342335 | 212965 | 212965 | 111662 | 111662 |
| घ. अन्य भूक्तानी | | 12326 | 10823 | 10823 | 397822 | 397822 |
| कोषहरु | | 12326 | 7692 | 7692 | 6278 | 6278 |
| धरौटी | | 0 | 3575 | 3575 | 3063 | 3063 |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0 | 0 | 0 | 88796 | 88796 |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -444 | -444 | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -125960 | 31095 | 31095 | 50931 | 50931 |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | 126379 | 126379 | 99345 | 99345 |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -125960 | 157474 | 157474 | 150276 | 150276 |
| बैंक तथा नगद बाकी | २४ | | 157474 | 157474 | 146372 | 146372 |

अन्तरसरकारी अख्तियारीवाट प्राप्त आम्दानी र खर्च

| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक। निकासा | रकम |
|---|---|---|---|
| सामाजिक सुरक्षा | 74105 | सामाजिक सुरक्षा | 74105 |
| स्थानीय पुर्वाधार साझेदारी | 6244 | स्थानीय पुर्वाधार साझेदारी | 6244 |
| गरिवसँग विश्वेश्वर | 546 | गरिवसँग विश्वेश्वर | 546 |
| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 7154 | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 7154 |
| सामाजिक विकास मन्त्रालय | 2500 | सामाजिक विकास मन्त्रालय | 2500 |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | 42 | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | 42 |
| जम्मा | 90591 | जम्मा | 90591 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>शिक्षामा वढी निकासा भएको, पदाधिकारी सुविधा वढी भुक्तानी भएको, दोहोरो अनुगमन भत्ता, वढी दरमा वैठक भत्ता र पारिश्रमिक कर कट्टी नभएको गरी जम्मा रु १२७७३३९ असुली भई दाखिला भएको छ। | |
| ५ | | | **वित्तिय विवरणको विश्लेषणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>· पालिकाको आ व २०७६।७७ को म ले प फा नं २७२ को वित्तिय प्रतिवेदनमा वैक मौज्दात रु. १४६३७२५६९।०० देखिएको र पालिकाले आ व २०७७।७८ मा सोही रकम जिम्मेवारी सार्नुपर्नेमा रु.१२६३७८९११।०० मात्र जिम्मेवारी सारेको देखिन्छ।जिम्मेवारी फरक परेको रकम रु.१९९९३६५८।० को सम्वन्धमा पालिकाले हिसाव मिलान गरी जिम्मेवारी सार्नुपर्ने देखिन्छ।<br>· पालिकाको यस वर्षको वैक मौज्दात रु.137316087।०० भएकोमा सुत्रको वित्तिय प्रतिवेदनले रु.१५७४७४१८७।०० देखाएको छ। फरक परेको मौज्दात रकम रु.२०१५८१००।०० का सम्वन्धमा पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी एकिन गर्नुपर्दछ।<br>· वाँडफाडवाट प्राप्त हुने राजश्व अर्न्तगत मुल्य अभिवृद्धी कर तथा अन्तशुल्कको छुट्टा छुट्टै राजश्व शिर्षकमा लेखाङ्कन गर्नुपर्नेमा मुल्य अभिवृद्धी कर राजश्व शिर्षक ११४११ मा सम्पुर्ण रकम आम्दानी वाँधेको देखिन्छ । पालिकाले आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ अनुसार आम्दानीको लेखाङ्कन गर्नुपर्दछ।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरकोविकासकागि आवधिक योजना वनाएतापनिवार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरेको देखिएन<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नोक्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेटतोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।
- निजामती सेवा ऐन, 2049 को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,

</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>

**चौमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ७० प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ
निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ

<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>पूँजीगत खर्च</td><td>२१२९६५३८३</td><td>२१३७५०६५</td><td>४३१४००१८</td><td>१४८४५०३००</td><td>७४०६५९२१</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>१०</td><td>२०.२५</td><td>६९.७५</td><td>३४.७७</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>अवण्डा वजेट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष कन्टिन्जेन्सी शिर्षकमा रु ३७ लाख ९२ हजार एकमुष्ट राखी योजनाको कन्टिन्जेन्सी वाहेक कन्टिन्जेन्सी शिर्षकमा खर्च गरेको छ। योजनावाट प्राप्त हुनेवाहेक बजेट शिर्षक नै कन्टिन्जेन्सी राखी विनियोजन गरी खर्च प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>क्षेत्रगत वजेट र खर्चः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०77।78 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ<br>
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>1</td><td>आर्थिक विकास</td><td>35651000</td><td>19877846.0</td><td>4.6</td></tr>
<tr><td>2</td><td>सामाजिक विकास</td><td>193492000</td><td>167787986.1</td><td>38.8</td></tr>
<tr><td>3</td><td>पूर्वाधार विकास</td><td>260343000</td><td>157485951.2</td><td>36.4</td></tr>
<tr><td>4</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>4247000</td><td>4040735.0</td><td>0.9</td></tr>
<tr><td>5</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>110870020</td><td>83538555.7</td><td>19.3</td></tr>
<tr><td>कुल जम्मा</td><td></td><td>604603020</td><td>432731074.1</td><td>100</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>खर्च विश्लेषणः<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५ करोड ३० लाख १२ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.३६ करोड ३८ लाख ६१ हजार र गत वर्षको जिम्मेवारी रु.१२ करोड ५९ लाख ६० हजार समेत रु.५४ करोड २८ लाख ३३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २८ करोड ६२ लाख ९ हजार र पूँजिगत तर्फ रु २३ करोड ४२ लाख ७० हजारखर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.१८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. ८८ लाख ८६ हजार खर्च भएको छ जुन आन्तरिक आयको करिव १६.७६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.७२ प्रतिशत चालु र ४७.२८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता ९७१ वटा, नाता प्रमाणित ४७१ वटा, घरवाटो शिफारिश ११४० वटा, नागरीकता शिफारिश ७२७ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १२ | | | **कानुन निर्माणः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७० ऐन कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १३ | | | **न्यायिक समितीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष दर्ता भएको ४ विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई ३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **योजना छनौट तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ९४ | ४१५४४३५ |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | २९७ | ८०४२४५४ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३२ | २५२४३२१० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मा योजना | २३ | ४२३६७३२४ |
| ५ | ५० लाखभन्दा माथिका योजनाहरु | ० | ० |
| | जम्मा | ४४६ | ७९८०७४२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सार्वजनिक सम्पती व्यवस्थापन सुचना प्रणाली (PAMS) पुर्ण रुपमा लागु नभएकोः**<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| १६ | | | **आन्तरिक आयतर्फ देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>छुट दिदा राजश्व आम्दानी न्युन एक मुष्ट रकम वुझाएमा १० प्रतिशत सम्म छुट दिने ब्यवस्था छ । स्थानीय उत्पादन विक्रि निकासी शुल्क संकलन कार्यको ठेक्का ब्यवस्थापनको लागि ठेक्का रकम रु.१५००००००।को प्रथम पटक सुचना प्रकाशन २०७७।५।९ मा भएको भएतापनि दोश्रो पटक सुचना प्रकाशन गर्दा समेत ठेक्का नपरेकोले ठेक्का रकम प्रथम पटक रु.९४९४१४०। संसोधन गरी दुई पटक सुचना जारी गर्दा पनि टेण्डर नपरेकोले दोस्रो पटक रु.७००००००। मा संसोधन गरी ठेक्का सुचना प्रकाशन गरेकोमा दुई व्यवसायीले टेण्डर गरेकोमा तेज विल्डर्सले रु. ९२५००००। भ्याट बाहेक कवोल गरी मिति २०७७।११।२८ मा ठेक्का सकारेको देखिन्छ ६ घाटबाट ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको विभिन्न ब्यवसायीबाट कवोल अंक रु.२१८०६४९०। भ्याट बाहेक देखिन्छ । एकमुष्ठ रुपमा कवोल अंक राजश्व वुझाउदा दश प्रतिशत सम्म औचित्य हेरी छुट पाउने कानुनी ब्यवस्था रहे अनुसार गाउपालिकाले जम्मा कवोल अंक रु.३१०५६४९०। को १० प्रतिशत छुट दिदा रु.३१०५६४९।५० आम्दानी कम भएको अवस्था छ । बुझाउनु पर्ने मूल्यअभिवृद्धि तथा अग्रिम आयकर बापतको रकम स्वयम् ठेक्का ब्यवसायीले नै जम्मा गरेको देखिन्छ । मूल्यअभिवृद्धि कर र अग्रिम करबापतको रकम स्वयं कार्यालयले प्राप्त गरी जम्मा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>प्राकृतिक श्रोतको परिचालनः ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको आइइको प्रतिवेदन अनुसार निम्न घाट बाट निम्नपरिमाणमा उत्खनन् एवं संकलन गर्ने उल्लेख छ ।
<table>
<tr><th>उत्खनन एवं संकलन गर्ने स्थान</th><th>उत्खनन गर्न मिल्ने घनमिटर</th><th>प्रदेश दर</th><th>राजश्व</th><th>कैफियत</th></tr>
<tr><td>भागर</td><td>२९७२</td><td>२४७.२</td><td>७३४६७८।४</td><td rowspan="2">स्थानीय अवरोध</td></tr>
<tr><td>बुढो दोभान विचको उच्च भाग</td><td>३४३०</td><td>२४७.२</td><td>८४७८९६</td></tr>
<tr><td>मझुवाटार</td><td>३२००</td><td>२४७.२</td><td>७९१०४०</td><td>बाटो नभएको</td></tr>
<tr><td>चोक्रेटार</td><td>९३१०</td><td>२४७.२</td><td>२३०१४३२</td><td rowspan="2">सुचना निकालेको ठेक्का नपरेको</td></tr>
<tr><td>कुडुले</td><td>११९४८</td><td>२४७.२</td><td>२९५३५४५।६०</td></tr>
<tr><td>जम्मा</td><td>३०८६०</td><td>२४७.२</td><td>७६२८५९२</td><td></td></tr>
</table>
कार्यलयको भनाई अनुसार स्थानीयको अवरोध, बाटो नभएको तथा पटक पटक ठेक्का सुचना निकाल्दा पनि ठेक्का नलागेकोले गर्दा राजश्व संकलन नभएको भनाई रहेको छ । स्थानीय अवरोध हटाउने , बाटो बनाउने तथा ठेक्का सुचना अंकमा परिमार्जन तथा संसोधन गरी ठेक्का लगाउने वातावरण निर्माण गरीरु.७६२८५९२। गाउपालिकामा प्राप्त हुने वातवरण निर्माण गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.३ | | | **भ्याट असुल नगरेको ः** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ अनुसार नेपाल भित्र आपुर्ती हुने वस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ । स्थानीय उत्पादन विक्रि शुल्क संकलनको ठेक्का ढिलो गरी लागेकोले ठेक्का नलागे सम्मको अवधिको लागि निकासी कर उठाउने प्रयोजनको लागि वडा नं १, ५ र ६ का नाकामा करार ज्यालादारीमा ४ जना जनशक्ति ब्यवस्थापन गरी रु.२६५५४६०। असुल गरेको देखिन्छ । असुल भएको रकमको मुल्य अभिवृद्धि कर रु ३०५४९५। दाखिला नभएकोले सो छुट रकम संघीय संचित दाखिला गर्नुपर्दछ । | ३०५,४९५ |
| १७ | | | **अनुगमन मुल्यांकन**<br>प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख राख्नु पर्ने, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको नगरअनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ।नदिजन्य पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खनन्को स्वीकृती दिई ठेक्का लगाएको भएतापनिप्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख नराखेको, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको नगरअनुगमन समितिद्धारा नियमित अनुगमन नगरेको पाइयो। आगमी दिनमा यस सम्बन्धि नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ। | |
| १८ | | | **आन्तरिक आय तथा करका क्षेत्र** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>

**सामुदायिक वनवाट रकम प्राप्त नगरेकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु.....

<table>
<tr><th>क्र स</th><th>सामुदायिक वन समुह</th><th>ठेगाना</th><th>मु अ कर रकम</th><th>जम्मा विक्रि</th><th>१० प्रतिशत रकम</th></tr>
<tr><td>1</td><td>कवादी</td><td>म्याग्दे ५</td><td>७७७१५</td><td>५९७८१०</td><td>५९७८१</td></tr>
<tr><td>2</td><td>भिरपानी</td><td>म्याग्दे २</td><td>९६३४०</td><td>७४१०८०</td><td>७४१०८</td></tr>
<tr><td>3</td><td>मान्द्रेढुंगा</td><td>म्याग्दे ६</td><td>१८१२९२</td><td>१३९४५५०</td><td>१३९४५५</td></tr>
<tr><td>4</td><td>वच्र्याङ</td><td>म्याग्दे १</td><td>५०६६०</td><td>३८९६९०</td><td>३८९६९</td></tr>
<tr><td>5</td><td>सालडाँडा धुसेनी</td><td>म्याग्दे ५</td><td>३३९३५</td><td>२६१०४०</td><td>२६१०४</td></tr>
<tr><td>6</td><td>ज्यान्टाङ पधेराखोला</td><td>म्याग्दे २</td><td>११४५२५</td><td>८८०९६०</td><td>८८०९६</td></tr>
<tr><td>7</td><td>उमाचोक</td><td>म्याग्दे २</td><td>५३३३५</td><td>४१०२७०</td><td>४१०२७</td></tr>
<tr><td>8</td><td>साँगुपखेरा</td><td>म्याग्दे ५</td><td>८०२७५</td><td>६१७५००</td><td>६१७५०</td></tr>
<tr><td>9</td><td>सालडाँडा धुसेनी</td><td>म्याग्दे ५</td><td>४७७१७</td><td>३६७०५०</td><td>३६७०५</td></tr>
<tr><td>10</td><td>वांगेसाल</td><td>म्याग्दे ६</td><td>१७३०३०</td><td>१३३१०००</td><td>१३३१००</td></tr>
<tr><td></td><td></td><td></td><td>९०८८२४</td><td>६९९०९५०</td><td>६९९०९५</td></tr>
</table>

</td><td>६९९,०९५</td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>

**मुल्य अभिवृद्धि कर कट्टी नगरेकोः** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) माठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ. कर रकमको ५० प्रतिशत(२०७८।२।१५ पश्चात ३० प्रतिशत) सम्वन्धित राजस्व शिर्षकमा र वाँकी ५० प्रतिशत सम्वन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायका फर्मको भुक्तानीमा मुल्य अभिवृद्धि कर कट्टा नगरी पुरै मुल्य अभिवृद्धि कर फर्मलाई नै भुक्तानी दिएको देखिएकोले मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

</td><td>३४३,६०१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौ.न. | कार्य | फर्मको नाम | भुक्तानी रकम | मु.अ. कर रकम | ५०।३० प्रतिशत मु.अ. कर | |
| | | | 52 | डिजिटल नागरिक वडापत्र तयारी | सफ्टवेयर हव नेपाल | ४९६३२५ | ५७१३५ | २८५६७ | |
| | | | 83 | डिजिटल एल इ डी वोर्ड डिस्प्ले | अलंफाविटा इन्जिनियरिङ प्रा लि | ४९७२०० | ५७२०० | २८६०० | |
| | | | 142 | सेती नदी किनारका विभिन्न घाटको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन | वन्दिपुर कन्सल्टटेन्सी प्रा लि | ३९८८९० | ४५८९० | २२९४५ | |
| | | | 223 | सार्वजनिक सुनुवाई कार्यक्रम | स्पिड सोलुशन प्रा लि | १३३१९८ | १५३२३ | ७६६२ | |
| | | | 337 | सार्वजनिक परीक्षण | गैरसकारी सस्था समन्य समिती तनहुँ | १९९००० | २५८७० | १२९३५ | |
| | | | 424 | सार्वजनिक सुनुवाई कार्यक्रम | स्पिड सोलुशन प्रा लि | १३३१९८ | १५३२३ | ७६६२ | |
| | | | 527 | राजश्व अध्ययन सेवा परामर्श | प्रोग्रेशिभ इनिसियटिभ प्रा लि | ३००००० | ३४५१३ | १०३५४ | |
| | | | 536 | लैङ्गिक अडिट | एकाउन्टाविलिटी इनिसियटिभ प्रा लि | १९८२५९ | २२९५२ | ६८८५ | |
| | | | 568 | सार्वजनिक सुनुवाई कार्यक्रम | स्पिड सोलुशन प्रा लि | १३३१९८ | १५३२३ | ४५९७ | |
| | | | १५शर्सत | सुरक्षीत आप्रवासन परियोजना | ग्रामिण शसक्तिकरण समाज | ४८०११९ | ५५२३४ | २७६१७ | |
| | | | ८५शर्सत | सुरक्षीत आप्रवासन परियोजना | ग्रामिण शसक्तिकरण समाज | ५६४५९७ | ६४९५३ | ३२४७६ | |
| | | | २०६शर्सत | सुरक्षीत आप्रवासन परियोजना | ग्रामिण शसक्तिकरण समाज | ७५४४८२ | ८६७९८ | २६०३९ | |
| | | | ९४शर्सत | सुधारीएको चुल्हो कार्यक्रम | मिर्रा कन्सल्ट प्रा लि | ३००००० | ३४५१३ | १७२५६ | |
| | | | २१५शर्सत | मेड्पा कार्यक्रम | सम्पदा नेपाल | २९९००० | ३४३९८ | १०३१९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३२</td><td>विभिन्न निर्माण कार्य</td><td>प्रो कन्सल्ट प्रा लि</td><td>४९१५५०</td><td>५६५५०</td><td>२८२२५</td></tr>
<tr><td>४२</td><td>विभिन्न निर्माण कार्य</td><td>एक्लेजिया टेक्नोलोजि प्रा लि</td><td>२९९४५०</td><td>३४४५०</td><td>१७२२५</td></tr>
<tr><td>४३</td><td>विभिन्न निर्माण कार्य</td><td>सुन्दर अटो वक्स</td><td>२४४९००</td><td>२८१७४</td><td>१४०८७</td></tr>
<tr><td>४४</td><td>विभिन्न निर्माण कार्य</td><td>प्रवेश ट्रेडर्स</td><td>३०००००</td><td>३४५१३</td><td>१७२५७</td></tr>
<tr><td>७१</td><td>विभिन्न निर्माण कार्य</td><td>ग्लोवल एरा</td><td>३९८०००</td><td>४५७८७</td><td>२२८९४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६६२१३६६</td><td>७६४८९९</td><td>३४३६०१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
शिर्षक फरक पारी खर्चः<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले पौषको गाउँसभामार्फत रकमान्तर गरी तपसिल वमोजिमको रु ९०२५००|०० रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रु....
<table>
<tr><th>भौ नं</th><th>कायम खर्च शिर्षक</th><th>खर्च गरेको शिर्षकको।कार्यक्रमको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>१४</td><td>विविध खर्च</td><td>जिन्सी निरिक्षण वापत भत्ता</td><td>४००००</td></tr>
<tr><td>६०८</td><td>चौमासिक वुलेटिन तथा क्यालेण्डर प्रकाशन</td><td>वैठक भत्ता</td><td>५९३७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९३७०</td></tr>
</table>
</td><td>९९,३७०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
आर्थिक साहायताः<br>
सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा अध्यक्षको तोक आदेशमा आर्थिक साहयता शिर्षकमा रु.८ लाख ४७ हजार आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन् | |

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
| --- | --- | --- |
| ३८ | राम व नेपाली | ११००० |
| ४१ | कमला रानाभाट | ६००० |
| ५१ | वावुलाल श्रेष्ठ | १०००० |
| ५१ | हरीराम थापा | १०००० |
| ६९ | मिन वहादुर उचै ठकुरी | १०००० |
| ९७ | किरण राना | १०००० |
| ९८ | सुर्य कुमारी श्रेष्ठ | १०००० |
| १०३ | लक्ष्मी अधिकारी | १०००० |
| १०५ | रुक्मणी मल्ल | १०००० |
| १०६ | घनश्याम जैसी | १०००० |
| जम्मा | | ९७००० |

| | | | | |
| --- | --- | --- | --- | --- |
| २१ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दाबढी सोझै खरिद गर्न नहुने उल्लेखछ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सि नं | भौ नं | सामाग्री | व्यहोरा | रकम | | |
| | | | | १ | २८ | मेशिनरी तथा औजार | कम्प्युटर खरिद वापतको रकम भुक्तानि | ४४६३५० | | |
| | | | | २ | ४७ | मेशिनरी तथा औजार | कम्प्युटर खरिद वापतको रकम भुक्तानी | १५८७६५ | | |
| | | | | ३ | ६४ | मेशिनरी तथा औजार | प्रवेश ट्रेडर्श लाइ रकम भुक्तानी | ३००००० | | |
| | | | | ४ | ३२४ | मेशिनरी तथा औजार | हिमालयन ट्रेडिङ्ग हाउस लाइ रकम भुक्तानी | १५२००० | | |
| | | | | ५ | ४८५ | अग्नि नियन्त्रक फाइर एक्स्टिङ्ग्विसर तथा फाइरबल खरिद | फायर वल खरिद वापतको रकम भुक्तानी | ४९९७०० | | |
| | | | | ६ | ७२५ | मेशिनरी तथा औजार | स्मार्ट टिभि खरिद वापतको रकम भुक्तानी | १४४३०० | | |
| | | | | ७ | २५ | फर्निचर तथा फिक्चर्स | आधारमा फर्निचर खरिद वापतको रकम भुक्तानि | ४२२७३३ | | |
| | | | | ८ | १०४ | फर्निचर तथा फिक्चर्स | फर्निचर खरिद वापतकोरकम भुक्तानी | १९८६८३ | | |
| | | | | ९ | २०६ | थर्पु गुरुङ्ग समाज भवन फर्निचर तथा फिक्चर्स | गुरुग समाज फर्निचरको रकम भुक्तानी | १००००० | | |
| | | | | १० | २२९ | फर्निचर तथा फिक्चर्स | फर्निचर रयाक निर्माण वापतको रकम भुक्तानी | ३०२८४० | | |
| | | | | ११ | ३३ | मसलन्द तथा कार्यालय सामाग्री | शुभकामना सप्लायर्स लाई बिल रकम भुक्तानी | २४७४८१ | | |
| | | | | १२ | ३७ | मसलन्द तथा कार्यालय सामाग्री | सलग्न विल भरपाइका आधारमा कार्यालय सञ्चालन खर्च भक्ता्नी । - | २५४५३२ | | |
| | | | | १३ | २०१ | मसलन्द तथा कार्यालय सामाग्री | मसलन्द खरिद वापतको रकम भुक्तानी | ३२२५२४ | | |
| | | | | १५ | २७८ | मसलन्द तथा कार्यालय सामाग्री | सप्तरङ्गी प्रिन्टर्सलाइ रकम भुक्तानी | १९३५५७ | | |
| | | | | १६ | ३०६ | मसलन्द तथा कार्यालय सामाग्री | छपाइ वापतको रकम विज्ञान प्रिन्ट्रसलाइ भुक्तानी | २३१५९३ | | |
| | | | | १७ | ३३३ | मसलन्द तथा कार्यालय सामाग्री | मसलन्द सामाग्री कोरकम भुक्तानी | ४०३७७७ | | |
| | | | | १८ | ९४ | नीतिगत,प्रशासनिक तथा ब्यबस्थापन खर्च नवीकरणीय उर्जा | मिरा कन्सल्टलाइ रकम भुक्तानी | १००००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२१</td><td>५४९</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>विभिन्न कार्यालय सामाग्री खरिद वापतको रकम भुक्तानी</td><td>२३०८५३</td></tr><tr><td></td><td></td><td></td><td></td><td>५२२९६८८</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>करार कर्मचारीः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १६ जना कर्मचारीहरु करारमा राखी खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐन २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक पनि विभिन्न पदमा करारमा राखेको छ भने रिक्त दरवन्दी नभएको पदमा समेत करारमा राखी खर्च गरेको देखियो । दरवन्दी रिक्तनभएको इन्जिनियर, सव इन्जिनियर र अमिन पदमा करारमा राखी आन्तरिक स्रोतवाट मासीक रु.९०८००। को दरले वार्षिक रु.१०८९६००। भुक्तानी गरेकोले उक्त रकम नियमसंगत देखिएन । यस सम्वन्धमा छलफल गर्दा सभाले निर्णय गरेर थप दरवन्दी श्रृजना गरेको जनाएको छ । तर हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी सभाले दरवन्दी श्रृजना गरीराख्नु उचित देखिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी प्रोत्साहान शिर्षकमा विभिन्न योजनाको कन्टीन्जेनसी रकमवाट कार्यालय प्रमुख समेत १५ जनाले रु. १२४६०००।०० भत्ता भुक्तानी गरेको देखियो । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्न वनेको निर्देशिका २०७४ को दफा ४ अनुसार कन्टिन्जेन्सी रकम वर्क चार्ज, स्टाफ खर्च (मष्टरोल) र अन्य सानातिना खर्चमा प्रयोग गर्नुपर्नेमा मासिक निर्णय गरी कन्टिन्जेन्सी रकमवाट प्रोत्साहान भत्ता तथा फिल्ड सुविधा लिनु उचित देखिदैन यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>हाजिरीभन्दा वढी तलव भुक्तानीः<br>पालिकाले पालिकाका विभिन्न घाटहरुवाट निकासी कर संकलन गर्न ज्यालादारीमा तलव दिने गरी कर्मचारी खटाई तलव भुक्तानी गरेकोमा निकासी संकलनकर्ता गंगा वहादुर घलेको २०७७ आश्विन २१ वाट फागुन २८ सम्म मासकि रुपमा हाजिरीको आधारमा भुक्तानी गरेको देखिन्छ।निजको हाजिरी परीक्षण गर्दा भौ नं २४१ वाट २४ दिनको दोहोरो हाजिरीवाट भुक्तानी तथा कार्तिक २१ र मंसिर २१ लाई दोहोरो गणना गरेको र दशै र तिहारको दिन निकासी संकलन नभएको दिन समेत गरी जम्मा २८ दिनको तलव प्रतिदिन रु.१०००।०० का दरले वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु...</td><td>२८,०००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कृषि तथा पशुमा अनुदानः</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| ३५.१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले पालिका कृषि तथा समानीकरण पूँजिगत कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ। | |

| क्रस | अनुदानविवरण | रकम |
|---|---|---|
| १ | आलुको विउ वितरण ५० प्रतिशत अनुदान | ६००००० |
| २ | कृषि उपज केन्द्र तथा बजार केन्द्र निर्माण जामुने बहुउद्देश्य सहकारि संस्थालाई | ९७५६१४ |
| ३ | कृषकलाई अदुवा वितरण ७५प्रतिशत | १५५२९४ |
| ४ | तरकारी विउ वितरण १०० प्रतिशत | २४४८४० |
| ५ | हाते ट्याक्टर खरिद १०० प्रतिशत अनुदान | ६७०००० |
| ६ | धानको विउ वितरण | ५२२२५ |
| ७ | धानको विउ वितरण | ३६८५८६ |
| ९ | वसस्वारी पशु तथा कृषि फर्म | ४०००० |
| १० | हिलेपानी पशुपालन फर्म | ४०००० |
| ११ | सौभाग्य गाई फर्म | ४०००० |
| १२ | सृष्टि गाई फार्म | ४०००० |
| १३ | दुर्गा गाई फार्म | ४०००० |
| १४ | आई एस कृषि तथा पशु फर्म | ४०००० |
| १५ | सोनाम एण्ड सभिक्षा कृषि फर्म | ४०००० |
| १६ | फ्रुट्स एग्रो फर्म | ४०००० |
| १७ | जय लक्ष्मि गाई फार्म | ४०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| २० | कन्चन कृषि तथा पशु फर्म | २०००० |
| २३ | आषिक कृषि फर्म | २०००० |
| २४ | नेपाली कृषि तथा पशु फर्म | २०००० |
| २५ | म्याग्दे माछा फर्म | २०००० |
| २६ | ओम कृषि तथा पशु फर्म | २०००० |
| २७ | आले पशु फर्म | २०००० |
| ३० | सोसिना कृषि तथा कुखुरा फर्म | ३७५०० |
| ३१ | धयराधारी कुखुरा फर्म | ३७५०० |
| ३२ | मौसम पोल्ट्रि फर्म | ३७५०० |
| ३३ | नमुना कुखुरा फर्म | ३७५०० |
| ३६ | फ्रेस एग एण्ड मल्टि प्रपोज प्रा लि | ५०००० |
| ३९ | शिद्धबाराहि कृषि तथा कुखुरा फर्म | ३३००० |
| ४० | फ्रेस एग पोल्ट्रि फर्म | ३३००० |
| ४१ | सुवास एण्ड विकास कृषि फर्म | ३३००० |
| | | ३८४५५५९ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | (क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन | |
| २६ | 246 | २०७८-३-२६ | **शैक्षिक सिकाईसहजिकरणका अनुदान**<br>:<br>कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजिकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले २० वटा विद्यालयाई रु २४००००। अनुदान उपलव्ध गराएकोमा उक्त विद्यालयहरुले सोहि कामका लागि खर्च गरे नगरेको पालिकाले अनुगमन गरेको छैन। पालिकाले अनुदान गएको विद्यालयको ईन्टरनेट जडान गरे नगरेको एकिन गरि प्रमाण पेश गर्नुपर्ने अन्यथा जडान नभएको विद्यालयको अनुदान निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नु पर्ने रु | २४०,००० |
| २७ | 187 | २०७८-३-२५ | **पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको प्रक्रिया अगाडी बढाउदा चालु आ.व समाप्त हुने भए कोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानी निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकसा दिने परिपत्र भएकोमा पाठ्यक्रम विकास केन्द्र सानोठिमि भक्तपुरले शैक्षिक सत्र २०७७ को मुल्य निर्धारण गरेको छ। पालिकाले उक्त मुल्य निर्धारण गरेको बाहेक ऐक्षिक विषयमा कक्षा ९ र १० को रु एकमुष्ठ रु ९३२८२। निकासा दिएको छ। ऐक्षिक विषय नछुट्याई एकमुष्ठ अनुदान दिएकोले पालिकाले ऐक्षिक विषयको एकिन गरि अनुदान दिनुपर्ने देखिन्छ। | |
| २८ | 12 | २०७८-९-१८ | **कोभिड कोष तर्फ** | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

कोभिड १९ तर्फ २०७७।७८ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| गत वर्षके अल्या | ५६०५६२५.५० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ५११८४४ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ६००००० |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | ९५७५५६ |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | १०६५७६६ |
| कर्मचारी तथा पदाधिकारीबाट दाखिला | १५९०३८.०० | आर्थिक सहायता | ३३९४४० |
| | | पत्रपत्रिका तथा सूचना खर्च | ११४६०० |
| | | बाकि मौज्दात | १४७७५५६ |
| जम्मा | ५७६४६६३.५ | जम्मा | ५७६४६६३.५ |

यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः

- पालिकाले तयार गरेको स्रेस्ता परिक्षण गर्दा कोरोना नियन्त्रण तथा रोकथाम उपचार कोषवाट रु ४२८७१०७। खर्च भएको छ।
- अस्पतालमा १ जना मेडिकल अफिसर २ जना स्टार्फ नर्स र १ जना कार्यलय सहयोगिको दरबन्दि रहेकोमा कोभिड अस्पतालको कर्मचारीहरुको तलब भत्ता मा रु ५ लाख र सामाग्रि खरिद गर्द रु ५० हजार बजेट निकासा भएकोमा नपुग रकम कार्यालयले आन्तरिक स्रोत बाट तलब भत्ता भुक्तानी गरेको छ। रहेको स्वाथ्यकर्मि चैत महिनाको तलब भुक्तानीमा रु १३६२६०।खर्च गरेको छ।
- पि सि आर परिक्षण तथा किटढुवानीको गर्ने लागि दैनिक भ्रमण भत्तामा रु ४१२२०९।खर्च गरेको छ। दैनिक भत्ता खर्च गर्दा भ्रमण उद्देश्य तथा भौगोलिक दुरीको आधारमा मात्र भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- · कोरोना भाइरस संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन २०७७ मा जोखिम भत्ता वितरण गर्ने दफा ३ बमोजिमको कार्य गर्नेका लागि खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरीको आधारमा जोखिम भत्ता उपलब्ध गराउने उल्लेख छ। कार्यालयले खटीएको स्थानको कार्य विवरण वना स्वास्थ्यकर्मि सुरक्षाकर्मि र कर्मचारिहरुलाई जोखिम भत्ता ३ महिनाको ४० प्रतिशत र २० प्रतिशत दरले रु ७७८१५४।खर्च गरेको छ जोखिम भत्ता वितरण गर्दा स्वास्थ्य कर्मचारीहरु खटीएको स्थान वा कार्य सम्बन्धी विवरण देखिदैन जोखिमको क्षेत्रमा खटिने कर्मचारी तथा स्वास्थ्यकर्मको कार्यविवरण सहित जोखिमको क्षेत्रमा खटिएको आधारमा जोखिम भत्ता दिनुपर्ने देखिन्छ।
- भौ नं १२ वाट दमौलि अस्पतालमा आईसोलेसन सेन्टरमा सामुहिक उपचार गर्नेको लागि लाई **DCCMC** को निर्णय वमोजिम सोधभर्ना लिने गरि दमौली अस्पताल लाई रु ३ लाख अनुदान दिएको देखिन्छ।निकासा दिने र खर्च गर्ने निकाय जिम्मेवार भई खर्चको प्रमाण पेश गर्नुपर्ने देखिएको रु
- स्वास्थ्य तथा सामाग्री खरिद गरिमा रु १०६५७६६ खर्च गरेको छ। स्वास्थ्य सामाग्री तथा औषधि खरिद गर्दा कार्यलयले सोझै खरिद नगरि प्रतिस्पर्धात्मक विधि अपनाएर खर्च गर्नुपर्ने देखिन्छ।
- भौ नं १५ बाट जि पि कोइराला राष्ट्रिय स्वास प्रश्वास उपचार केन्द्रको आइसोलेसन वार्ड स्थापना गर्नेको लागि शुक्लागण्डकी नगरपालिका लाई रु ३ लाख अनुदान दिएकोमा छ।
- पालिकाले कार्यपालिकाको बैठकको निर्णय अनुसार क्वारेन्टीनमा बस्ने व्यक्तिहरुलाई दैनिक रु ३६५ को दरले भुक्तानी दिने गरि निर्णय गरि रु ८२८५५। खर्च लेखेको छ। पालिकाले कोरोना भाइरस कोभिड सम्बन्धि क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्ने बनेको मापदण्ड २०६६ बमोजिम क्वारेन्टीनमा बस्ने व्यक्तिहरुको प्रतिदिन प्रतिव्यक्ति जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशन दर बमोजिमको खाजा खाजा खर्च उपलब्ध गराउने उल्लेख छ। सोहि बमोजिम पालिकाले खर्च गर्नुपर्ने देखिन्छ।
- पालिकाले कोरोना संक्रमण बाट मृत्यु भएको व्यक्तिहरुलाई रु १५०००।को दरले नगद अनुदान वितरण मा रु १२००००। खर्च लेखेको छ। कार्यविध नबनाई पालिकाले विभिन्न रुपमा आर्थिक सहयाता गरेको देखिन्छ । खर्च गर्दा पटके रुपमा निर्णय गरेर भन्दा पनि कार्यविधि बनाएर खर्च गर्नुपर्ने देखिन्छ।

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**पेश्की बाकि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथाफछर्यट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्तनभएको पेश्की हालसम्म फछ्यौंट नगरेकोले उक्त पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्दछ।

<table>
<tr><td rowspan="3">सि.नं.</td><td></td><td rowspan="3">पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td colspan="2">चालु आ. व.</td><td colspan="3">जम्मा बाँकी पेश्की</td></tr>
<tr><td>भौ नं</td><td>म्याद ननाघेको</td><td rowspan="2">म्याद नाघेको</td><td rowspan="2">म्याद ननाघेको</td><td rowspan="2">म्याद नाघेको</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td></td><td>रकम</td></tr>
<tr><td>१</td><td></td><td>५</td><td>९</td><td>११</td><td>१५=(९+१२)</td><td>१६=(११+१४)</td><td>१७=(१५+१६)</td></tr>
</table>

</td><td>३११,२६३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | | | | | | | | |
| | | | | १ | २३० | देउरालि विल्डर्स | १२६८४०० | ० | १२६८४०० | ० | १२६८४०० | |
| | | | | २ | ३०८ | सूर्य । एम.एन.सि.। लोयल जे.भि. | २९८७००० | ० | २९८७००० | ० | २९८७००० | |
| | | | | ३ | ३३५ | देउरालि विल्डर्स | ६३४२०० | ० | ६३४२०० | ० | ६३४२०० | |
| | | | | ४ | ३६० | वल्ड वाईड / सुसान जे.भि | ४३४८००० | ० | ४३४८००० | ० | ४३४८००० | |
| | | | | ५ | ३९२ | देउरालि विल्डर्स | ९०६००० | ० | ९०६००० | ० | ९०६००० | |
| | | | | ६ | ४१९ | सूर्य । एम.एन.सि.। लोयल जे.भि. | २९८७००० | ० | २९८७००० | ० | २९८७००० | |
| | | | | ७ | ४४६ | माता बाराही इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि | ४८०००० | ० | ४८०००० | ० | ४८०००० | |
| | | | | जम्मा | | | १३६१०६०० | ० | १३६१०६०० | ० | १३६१०६०० | |
| | | | | २ | | | | | | | | |
| | | | | १ | ४२८ | नेपाल विधुत प्राधिकरण | ५७,२४३ | ० | ५७,२४३ | ० | ५७,२४३ | |
| | | | | २ | १६५ | नेपाल विधुत प्राधिकरण | ० | ८७,७९३ | ० | ८७,७९३ | ८७,७९३ | |
| | | | | ३ | ५५० | नेपाल विधुत प्राधिकरण | ० | १६६२२७ | ० | १६६२२७ | १६६२२७ | |
| | | | | जम्मा | | | ५७,२४३ | २५४०२० | ५७,२४३ | २५४०२० | ३११२६३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **ठेक्का व्यवस्थापनमा निम्नानुसार देखिएको छ।**<br>**ठेक्का ब्यावस्थापनमा ढिलाईः** म्याग्दे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ (९) (२) (ग)मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्नेमा सो अनुसार उल्लेख गरेको देखिदैन । निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता फाल्गुण महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।<br>निर्माण कार्य \| संझौता मिति \| भ्याट सहित लागत अनुमान \| संझौता रकम \| खर्च<br>धयेरे किलचोक मोटरमार्ग प्रदेश समपुरक \| २०७७।१२।२६ \| ९६५१०१२।०२ \| ५२८१८५९।१० \| १४०१९५५<br>वडा कार्यालय भवन वडा नं. ३ \| २०७७।११।१० \| ८७५७१७२।९७ \| ५११९९४४।१२ \| १२८५४२५।७३<br>वडा कार्यालय भवन वडा नं. ४ \| २०७७।११।१० \| ८७५७१७२।९७ \| ५११९९४४।१२ \| ९०६००० पेश्की<br>वडा कार्यालय भवन वडा नं. ६ \| २०७७।११।१० \| ८७५७१७२।९७ \| ५११९९४४।१२ \| ९०६००० पेश्की<br>वडा कार्यालय भवन वडा नं. ७ \| २०७७।११।१० \| ८७५७१७२।९७ \| ५११९९४४।१२ \| ९०६०००पेश्की | |
| ३१ | | | **परामर्श सेवा खरिदमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.१ | | | पालिकाको कार्यालयले यस बर्ष तपिसलका कार्यका लागि विभिन्नपरामर्शदातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन। | |

| भौ.न. | कार्य | भुक्तानी रकम |
|---|---|---|
| ५२ | डिजिटल नागरिक वडापत्र तयारी | ४९६३२५ |
| ८३ | डिजिटल एल इ डी वोर्ड डिस्प्ले | ४९७२०० |
| १४२ | सेती नदी किनारका विभिन्न घाटको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन | ३९८८९० |
| ३१८ | कानुन निर्माण तथा राजपत्र प्रकाशन सम्पादन वापत भुक्तानी | ९०००० |
| ३१९ | कानुन निर्माण तथा राजपत्र प्रकाशन सम्पादन वापत भुक्तानी | ९०००० |
| ४२ | विभिन्न घाटहरुको IEE | २९९४५० |
| ७१ | वडा कार्यालय डिपिआर | ३९८००० |
| ८० | गापा प्रशासनिक भवन डिपिआर | ४९४००० |
| १०५ | सभाहल डिपिआर | ४९९४०० |
| १३२ | अस्पताल डिपिआर | ४९१५५० |
| ६७४ | कान्छी बाराही झरना डिपिआर | ४९२००० |
| ५२७ | राजश्व अध्ययन सेवा परामर्श | ३००००० |
| | जम्मा | ४५४६८१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिकाको भित्रका विभिन्न कार्यको लागि ५ लाख भन्दा कमको ३ प्रति कोटेशन लिई परामर्शदातकै दरमा भुक्तानी दिएको छ। विभिन्न उकै प्रकृतीको कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नै परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको देखिन्छ। यसमा सुधार गर्नुपर्दछ। | |
| ३१.३ | | | **डिजिटल प्रोफाईल निर्माण:** छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स गत बर्षको नर्म्स सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानी लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । यस कार्यालयले डिजिटल प्रोफाईल निर्माण कार्यको रु.१९९५७९६.२३। को लागत अनुमान तयार गरेको छ।लागत अनुमान तयार गर्दा ऐनमा उल्लेख भएका आधारहरुको पालना नगरेको पाईयो।यस पालिकाले कार्यलयमा सुचिकृत फर्महरुबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरे छ।यसपालिकाले डिजिटल प्रोफाइल निर्माणको लागि विभिन्न परामर्शदाबाट प्राविधिक प्रस्ताव माग गरी अङ्कभार सहित प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव मुल्याङ्कन गरी फोर जि ईन्जिनियरिङ्ग सोलुसन्स प्रा लि लाई परामर्शदाता छनौट गरेको छ।छनौट भएको परामर्शदालाई कार्यसम्पन्न पश्चात भौ न ४८३ बाट रु.१९६९५९० खर्च लेखेको छ। परामर्शदाताहरुको छनौट गर्दा यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६४ को नियम ७१(६) बमोजिमका आधारहरु मध्य प्रविधि हस्तान्तरण वा तालिम को आधारलाई व्यवास्ता गरेको छ।कार्यालयले परामर्शदाताबाट प्रविधि हस्तान्तरण वा तालिमको सुनिश्चित गरी डिजिटल प्राफाईलको निरन्तरता तथा बहुआयामिक उपयोगको सुनिश्चितता गर्नुपर्दछ। साथै कुल लागत अनुमान रु.१९९५७९६.२३ रहेकामा रु.१९६९५९० को प्रस्ताव छनौट भएबाट प्रस्ताव छनौटको दायरा ऐनको व्यवस्था बमोजिम प्रतिस्पर्धि तथा मितव्ययि नभएको देखिन्छ।यसर्थ परामर्श सेवा खरिद गर्दा पालिकाले ऐनमा भएको व्यवस्थाको परिपालनामा जोड दिनु पर्दछ। | |
| ३१.४ | | | **वाह्य परामर्शदातावाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ४५४६८१५। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन । | |
| ३१.५ | | | **वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.६ | | | **सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन। | |
| ३१.७ | | | **सार्वजनिक सुनुवाई तथा परीक्षणः**सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ । कार्यालयले देहायअनुसारको सामाजिक परीक्षण तथा लैंगिक तथा सामाजिक समावेशी वजेट परीक्षणको काम परामर्शदातालाइ दिइ देहायअनुसार भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| भौ.न. | कार्य | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| २२३ | सार्वजनिकसुनुवाई कार्यक्रम | स्पिड सोलुसन प्रा लि | १३३१९८ |
| ३३७ | सार्वजनिकपरीक्षण | गैरसरकारी सस्था समन्वय समिती तनहुँ | १९९००० |
| ४२४ | सार्वजनिकसुनुवाई कार्यक्रम | स्पिड सोलुसन प्रा लि | १३३१९८ |
| ५३६ | लैङ्गिकअडिट | एकाउन्टाविलिटी इनिसियटिभ प्रा लि | १९८२५९ |
| ५६८ | सार्वजनिकसुनुवाई कार्यक्रम | स्पिड सोलुसन प्रा लि | १३३१९८ |
| | जम्मा | | ७९६८५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **प्रधानमन्त्री रोजगार**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण, सडक नाला निर्माण, काम लगायतका ६५वटा निर्माणका कार्यक्रम सञ्चालन गरी रु. ८४ लाख ७३ हजार खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **मेड्पा कार्यक्रम**<br>गरिवि निवारणका लागी लद्यु उद्यम विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका ,२०७७ (४१)मा उद्यमिलाई उपलब्ध गराउने प्रविधिमा कुल लागतको कम्तिमा २० प्रतिशत लागत उद्यमिले व्यहोर्नु पर्ने व्यवस्था छ ।पालिकाले लागत सहभाागिता अंश वेगर गरिवि निवारको लागि लद्यु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई र होम स्टे सम्बन्धि तालिम संचालन गर्न रु २६८७३१ को मेसिनरी औजार तथा सामान खरिद गरेको छ । तालिम कार्यक्रम पश्चात प्रविधि हस्तान्तरण गर्दा निर्देशिकमा उल्लेख भएका शर्त पालन गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ३४ | | | **पुँजिगत खर्चको स्थिती**<br>कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ । सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १११ मा कामको गुणस्तर परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्षमा असर पर्ने देखिन्छ । अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाई उपभोक्ता समितिमार्फत भएको कार्यको गुणस्तरीयतामा जोड दिनुपर्दछ । | |

| खरिद विधि | खर्च रकम |
|---|---|
| खुला बोलपत्रवाट | ९९३१४८२७।६७ |
| सिलबन्दी दरभाउपत्रवाट | १४५८८३०।१८ |
| उपभोत्ता समिति वा लाभग्राही समुदायवाट | १२९८०७४२३ |
| कन्टीन्जेन्सीवाट | ३६८९२०० |
| जम्माः | २३४२७०२८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **विभाज्य कोष**<br>ढुंगा गिटी बालुवा उत्खनन तथा ब्यवस्थापन सम्बन्धि मापदण्ड२०७७ को दफा १४ मा निर्माणमुखि खानीजन्य र नदिजन्य पदार्थको बिक्री एवं अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजश्व मध्ये ६० प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेशा सञ्चित कोषमा बाँडफाँड गर्नु पर्ने ब्यवस्था रहेकेमा यस पालिकाले नदिजन्य पदार्थ बिक्रीबापत प्राप्त राजश्व अ.ल्या. रु.१२३८५६२९। र यस वर्षको आम्दानी रु.१९६२५८४१। गरी जम्मा रु. ३२०११४७०। को प्रदेशले प्राप्त गर्ने ४० प्रतिशत रकमले हुन आउने रु.१२८०४५८८। बाँडफाँड नगरी संचितकोषमा राखेको देखिन्छ । कानुन अनुसार बाँडफाँड गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **अनुदान प्राप्ती कार्यन्वयन तथा फिर्ता**<br>समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७५को दफा ६ मा आयोजन वा कार्यक्रमको कुल लागतको ५० प्रतिशतसम्म रकम समपुरक अुदान प्रदान गर्न सक्ने भन्ने ब्यवस्थाछ । बडहरे माछापुच्छ्रे बाखखोर भैसीखर्क चारहजार बाँध सडक लागत अनुमान रु. ८७४७३९५।०४ को काम पारास निर्माण सेवा ब्यास, ५ तनहुले भ्याट सहित कवोल अंक ६३९४३११।९० मा सम्पन्न गर्ने संझौता अनुसार सम्पन्न गरेको कामको लागि कन्टिजेन्सी समेत जम्मा रु६१९६२३०।१५ गरेकोछ । जसमध्ये समपुरक अनुदान वापत रु. ३२८२०००। र पुजीगत तर्फबाट रु.२९१४२३०।१५ खर्च गरेकोछ । सघ र स्थानीय तहको पचास पचास प्रतिशत लगानी खर्च हुनुपर्ने ब्यवस्था अनुसार रु. ६१९४३११।९० को पचास प्रतिशत रु.३०९८११५। मात्र समपुरक अनुदानबाट हुनुपर्नेमा रु. ३२८००००। निकासा खर्च भएकोले वढी भएको निकासा खर्च संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु | १८३,८८५ |
| ३७ | | | **घर नक्सा राजश्व**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२(घ) मा नक्सा पास सम्बन्धी विशोष व्यवस्था अन्तर्गत भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पुरा गरेको यकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नेको लागि लाग्ने दस्तुरको तेब्बर दस्तुर लिने उल्लेख छ।पालिकाले आर्थिक तथा विनियोजन ऐन, २०७७ मा घर नक्सा हेरफेर तथा संसोधन गर्दा लाग्ने दस्तुरको थप २० प्रतिशतल राजस्व लिएको छ।यसरि पालिकाले स्थानिय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था अनुसार नक्सा संशोधन तथा हेरफेर गर्दा हेरफेर भएको क्षेत्रफलको लाग्ने दस्तरको तिन गुणा राजश्व संकलन गर्नुपर्नेमा देहायका सेवाग्राहीवाट २० प्रतिशत मात्र राजश्व संकलन गरेकोले नपुग राजश्व रकम असूल गर्नुपर्ने रु.. | ८५,९९९ |

| क्र स | घरधनीको नाम | वडा न | साविक राजस्व | सुरुको क्षेत्रफल (व.फि) | संसोधन क्षेत्रफल(व.फि.) | फेरिएको क्षेत्रफल | संसोधन पछि लिएको शुल्क | लिनुपर्ने |
|---|---|---|---|---|---|---|---|---|
| १ | टेकीमाया थापा | ५ | ४७४८.५ | १०४५।५० | १३७७ | ३३१.५ | २१९२.८२ | ५४८२।५० |
| २ | शिव हरि वाग्ले | ४ | ११९१९.१२ | २८४५।५० | ३३४९।५० | ५०४ | ४६५१.८२ | ११६२९।६ |
| ३ | श्रीमाया थापा मगर | ७ | २८४८।४८ | ७८८।७० | ८२४ | ३५।३ | ५४७.६३ | १३६९।०८ |
| ४ | मिना शाही | २ | ७१७६।७६ | १६८४।४४ | १६८४।४४ | | १४३५।३५ | ३५८८।३५ |
| ५ | गुम बहादुर परियार | ५ | ८९७४.७८ | २१२६।६१ | १७९५।७४ | -३३०।८७ | १७९४.९५ | ४४८७।३८ |
| ६ | नारायणी देवी खनाल | १ | ८४०१.६८ | १९२३।७५ | १९७२।७१ | ४८।६९ | २३३५.०८ | ५८३७।७ |
| ७ | अन्जु नेपाली | ४ | ४७६८.१८ | १०३९।५० | १५५९।१९ | ५१९।७५ | ३०३२.६३ | ७५८१।५८ |
| ८ | राघा थापा | ४ | ६७१९.६२ | १७२४ | १७१९ | १९३ | २११५.९२ | ५२८९।८ |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | ईन्द्र घ्वज कार्की | १ | ५२८२.२७ | ११३१८.२२ | ११३१८.२२ | | १०५६।४५ | २६४१।१३ | | |
| | | | | १० | रिम माया थापा सारु | २ | ७५२२.०१ | १५०१।५ | १९३९।४३ | ४३७।९३ | २१७६।०७ | ५४४०।१८ | | |
| | | | | ११ | सुमति कायस्थ | ४ | ७५७२।८१ | २४००।७५ | २७४१।६ | ३४०।८५ | २१३६।१२ | ५३४०।३ | | |
| | | | | १२ | रेणु क्षेत्री | ४ | ५२९६.२२ | १२१२.९१ | १५३८.३२ | ३२५।४१ | २५२३.५८ | ६३०८।९५ | | |
| | | | | १३ | विश्णु माया खनाल | १ | ६४०३ | १६४५.६८ | १७९५.३४ | १४९।६६ | १८७९.२४ | ४६९८।१ | | |
| | | | | १४ | सुमित्रा नेपाली | ७ | ५४५६.५६ | १२४१.६३ | १५९६।३८ | ३५४।७५ | २४२१.६२ | ६०५४।०५ | | |
| | | | | १५ | दुर्गे कामी | १ | ५९०० | १५६८ | १५६८ | | ११८० | २९५० | | |
| | | | | १६ | बिना श्रेष्ठ | ३ | ९१९९।३७ | २४५०.५ | २१५३।५० | -२९७ | 1839.87 | ४५९९।६८ | | |
| | | | | १७ | टिका बहादुर खत्री | ७ | ५४०२.८४ | १२१४।५८ | १०९४।८९ | -११९।६९ | १०८०.५७ | २७०१।४ | | |
| | | | | जम्मा | | | | | | | | ८५९९९।३ | | |
| ३८ | | | **विपद् व्यवस्थापनतर्फ देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।** | | | | | | | | | | | |
| ३८.१ | | | **विपद् व्यवस्थापन कोष** –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २३(१) र २३(२) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु.२१४५०००। र कोभिड १९ अस्थायी अस्पताल निर्माणको लागि रु.१००००००। र नाम नामेसी नखुलेको रु.५४१८२। गरी रु.३१९९१८२। आम्दानी भई प्रकोप व्यवस्थापन तर्फ रु. १७०७०००। र अस्थायी अस्पताल तर्फ रु ९०४१५४ गरी जम्मा रु.२६११११५४। खर्च गरी बाँकी रु.५८८०२८। रहेको देखिन्छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।<br><br>• श्रेस्तामा बाँकी रु.५३३८४६। र वैकबाँकी रु.५४८८४६। देखिएको तर प्राप्ती तथा खर्च विवरण भिडान गर्दा रु.२१४५०००। र कोभिड १९ अस्थायी अस्पताल निर्माणको लागि रु.१००००००। र नाम नामेसी नखुलेको रु.५४१८२। गरी रु.३१९९१८२। आम्दानी भई प्रकोप व्यवस्थापन तर्फ रु. १७०७०००। र अस्थायी अस्पताल तर्फ रु ९०४१५४ गरी जम्मा रु.२६११११५४। खर्च गरी बाँकी रु.५८८०२८। रहेको देखिन्छ । वैक जम्मा नपुग रु ३९१८२। असुल गर्नुपर्ने | | | | | | | | | | | ३९,१८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.२ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३८.३ | | | सोही कार्यविधीको दफा १०(२) मा कोषबाट एकपटकमा रु.२००० भन्दा बढी रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैक मार्फत मात्रा भुक्तानी गरिने ब्यवस्था भएपनि सो कार्यविधीको पालना नगरी नगदै वुझाएको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।<br><br>गो.भ.नं. र मिति \| बढी प्रभावित जना \| प्रति प्रभावित दर \| रु<br>३।२०७७।६।४ \| २५ \| ५००० \| १२५०००<br>८।२०७७।७।२६ \| ३० \| ५००० \| १५००००<br> \| \| जम्मा \| २७५००० | |
| ३८.४ | | | **विपद्का व्यवस्थापन कार्ययोजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ५ तथा संघीयतर्फको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ ।नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ३९ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ भने नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२५ लाख ३१ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>खाना तथा विविध खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट२८ लाख ३ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>उपभोक्ता समितीवाट जटिल प्रकृतीका कार्यः<br>म्याग्दे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । तर, लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ । जनसहयोगी मोटर मार्ग स्तरोन्नती कार्यको लागि पालिकाबाट रु.१३०१७२९।३३ र उपभोक्ताको तर्फबाट २३०१४८।५४ गरी जम्मा रु.१५३१८७७।८९ खर्च गरेको छ । उक्त कार्यगर्दा कडा चट्टान कटान, कडा माटो र नरम माटो काट्ने खन्ने कामको लागि हेभी मेशिन प्रयोग गरेको देखिन्छ । त्यसै गरी निर्मल वस्ती थानसिंह मोटर मार्ग निर्माण जस्ता जटिल प्रकृतिको काममा पनि उपभोक्ता समितिबाट काम गरी पालिकाबाट रु. १४४१५००। र उपभोक्ताको तर्फबाट रु.१७३३०८ गरी जम्मा रु. १६१४८०८। खर्च गरेको देखिन्छ । जटिल प्रकृतीको कार्य भनि सम्बन्धित प्राविधीकको सिफारिस र गाऊपालिकाको सहमति लिएको नपाईएकोले कार्य नियम सम्मत देखिएन । नियमको पालना गरी उपभोक्ता समितीबाट निर्माण कार्य गरिनुपर्दछ ।<br>सोही नियमवालीको नियम (१३) उपनियम (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने ब्यवस्था भएकोमा हाल सम्म कुनैपनि योजना हस्तान्तरण भएको छैन ।नियमको पालना गरी योजना हस्तान्तरण गरी योजनाको दिगोपनको सुनिश्चिता गर्नुपर्दछ ।<br>
<table>
<tr><th>योजनाको नाम</th><th>उपभोक्ता समिती</th><th>बजेट</th><th>लागत अनुमान</th><th>गा प बाट खर्च</th></tr>
<tr><td>छविसे जौखोला धैरेनी मोटरमार्ग को छिर्दि दोभान कल्भर्ट कजवे निर्माण</td><td>छविसे जौखोला धैरेनी मोटरमार्ग उपभोक्ता समिती</td><td>१००००००</td><td>१०६९६८९</td><td>९६१०००</td></tr>
<tr><td>बरचौर खानेपानी निर्माण सुधार</td><td>बरचौर उपभोक्ता समिती</td><td>१५००००</td><td>१६०९१९८</td><td>१४४१५००</td></tr>
<tr><td>धारापानी सामुदायिक भवन निर्माण</td><td>धारापानी उपभोक्ता समिती</td><td>१०००००</td><td>१०७२६३३</td><td>९६१०००</td></tr>
<tr><td>जनसहयोगी मोटरमार्ग स्तरोन्नती</td><td>जनसहयोगी मोटरमार्ग उपभोक्ता समिती</td><td>१५०००००</td><td>१६९६३६०</td><td>१४४१५००</td></tr>
<tr><td>निर्माल वस्ती थमनसिंह मोटर मार्ग कालोपत्रे</td><td>निर्माल वस्ती थमनसिंह मोटर मार्ग कालोपत्रे</td><td>१५०००००</td><td>१६१३०४१</td><td>१४४१५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६५०००००</td><td>७०६०९२१</td><td>६२४६५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>मुल्य अभिवृद्धी कर वढी भुक्तानीः</td><td></td></tr>
<tr><td>४२.१</td><td>2</td><td>२०७८-३-२८</td><td>मु अ कर वढी भुक्तानीः (सामाजिक विकास मन्त्रालय) २।२०७८।३।२८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।कार्यालयले म्याग्दे रंगशाला निर्माण गर्न म्याग्दे रंगशाला निर्माण उपभोक्ता समिती संग सम्झौता गरेकोमा डोजरको जिल्ला दररेट रु.४०४७ प्रतिघण्टाका दरले मुल्यांकन गरेकोमा उपभोक्ता समितीले पेश गरेको विलअनुसार रु.३५९५ का दरले डोजर प्रयोग भएको देखिन्छ।यसरी कम दरमा डोजर प्रयोग गरी मु अ कर विजक नभएको अवस्थामा समेत जिल्ला दररेटको आधारमा वढी भुक्तानी भएको मु अ कर रकम असूल गर्नुपर्ने रु...</td><td>३०,६०४</td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>वढी भुक्तानीः(सडकवोर्ड) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चपाका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयलेभिमादको पुलदेखि छाङ्गपाटन मोटरवाटो निर्माण वापत उपभोक्ता समितीलाई भुक्तानी गर्दा मु अ कर रकम रु.१९०९९।०० गणना गरेकोमा उपभोक्ताले पेश गरेको मु अ कर विजकमा रु १२४६३।०० को मात्र मु अ कर विजक पेश भएकोले वढी भुक्तानी मु अ कर रकम असूल गर्नुपर्ने रु..</td><td>६,६३६</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>जडान वेगरको खपत:<br><br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविकभएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नरहने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>उपभोक्ता समितिको नाम</th><th>जडान नभएको पाइप</th><th>दर प्रति रनिङ्ग मिटर</th><th>रकम</th></tr>
<tr><td>३५८</td><td>टुनिखोला खानेपानी पाईप खरिद</td><td>४९५ R/M 50 mm HDPE पाईप</td><td>२२५</td><td>१११३११</td></tr>
</table></td><td>१११,३११</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>बढि भुक्तानी:<br>सडक विभागको SS1302 13.2.B मा रहको ट्याक कोट लगाउने कार्यको नर्म्स र तनहुँ जिल्लाको दर रेट अनुसार सो निर्माण काम रु ९७.४८ मा सम्पन्न हुनुपर्ने देखिन्छ।यस गाउँपालिकाले उपभोक्ता समितिबाट कार्यान्वयन गरेको छाङ्गपाटन देखि बैकुण्ठे सम्म सडक कालोपत्रे निर्माण कामको आईटम नं ४ को ट्याक कोट लगाउने कार्य रु.१५३.८६ को दरले कार्य सम्पन्न भएको छ। यसबाट कुल ट्याक कोट लगाउने कार्य १४०६ वर्ग मिटर प्रति वर्ग रु ५६ दरले जम्मा रु ७९२६९ बढि भुक्तानी भएको देखिन्छ। यसरी वढी भुक्तानी भएकोले यसमा उपभोक्ताको योगदानको अंश ४०% कट्टा गरी वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु</td><td>४७,५६२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **मेसिनले बाटो खनेकोमा नाली खन्ने काममा मानिस प्रयोग:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले छाङ्ग थर्पु हटिया मोटर मार्ग स्तरीन्नती उ स लाइ सडक निर्माणको लागि भौ नं ७२६ मिति २०७७।०३।३० बाट रु १५००००० भुक्तानी भएको छ। उक्त काममा आईटम नं २ मा बाटो सम्याउने तथा ग्रेड मिलाउने खन्ने काम भएकोमा उक्त काम मेशिनवाट गराएको देखिएको तर सोहि सडक खण्डकोआईटम नं न को ९१ घन मि नाली खन्ने काम मानिसवाट गराएको देखाइ रु ३६७ को दरले भुक्तानी दिएको छ। बाटो खन्ने तथा ग्रेड मिलाउने काम मेशिनवाट गर्दा प्रति घनमिटर रु ७७ को दरले भुक्तानी गरे हुने अवस्थामा मानिसवाट गरेको देखाउदा प्रति घनमिटर रु २८४ को दरले २६०४९ वढी व्ययभार परेको छ। मेशिनवाट गर्न सकिने काम मानिस प्रयोग गर्नुको आधार नखुलाएकोले मानिसको प्रयोगबाट काम सम्पन्न भएको मान्न सकिदैन। यसर्थ बढी दरले भुक्तानी भएकोले थप व्ययभार परेको रकम असुल गर्नु पर्ने रु | २६,०४९ |
| ४६ | | | **सडक ग्राभेल कार्यमा दररेट बढि:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाको विभिन्न सडक स्तरोन्नती कार्यको केहि नमुना छनौट गर्दा स्थानीय खानीको ग्राभेल प्रयोग गरी डोजरद्धारा ग्राभेलिङ्ग गर्ने कार्यमा कार्यस्थलमै उपलब्ध उत्खन गरेको माटो तथा ढुङ्गा प्रयोग गरी डोजरको प्रयोगबाट ग्राभेल गरेको पाईयो।यसरी डोजरको प्रयोगबाट कार्य सम्पादन भएकोले डोजरको दररेट नराखी मानिस द्धारा ग्राभेल कार्यसम्पादनको दररेटको आधारमा मुल्याङ्कन कायम गरी भुक्तानी दिएकोले बढि भुक्तानी भएको सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाई असुल गर्नपर्ने रु | २६६,११५ |

| **भौ न** | **योजनाको नाम** | **ग्राभेलिङ्ग कामको परिमाण घ मि** | **भुक्तानी भएको दर प्रति घ मि** | **भुक्तानी हुनुपर्ने दर** | **बढि भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १२१ | छाङ्गपाटन नयाँवस्ती मुलावारी झिरुवास मोटर मार्ग पुलको ग्राभेल | २८.७५ | १६०५ | ७६.७४ | ४३९३७ |
| ६१९ | सेराफाट केवराङ्ग क्षेत्रभञ्ज्याङ्ग मोटर मार्ग निर्माण | १४५.३८ | १६०५ | ७६.७४ | २२२१७८ |
| | **जम्मा** | | | | २६६११५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **कार्यसम्पन्न भन्दा बढि खपत:**<br>उल्लिखित योजनाको Bricks Masonryकाममा लागत अनुमानको परिमाणमा कार्यसम्पन्न भएको छ र मुल्याङ्कन र नापी किताव बाट थप काम भएको देखिदैन तर उपभोक्ता समितिले दररेट विश्लेषणको ५६० गोटा ईंट्टा प्रति घ मि अनुसार थर्पुगुरुङ्ग समाज भवन निर्माणको Bricks Masonryकाम २९.९५ घ मि मा जम्मा ईट्टा प्रयोग १३४१२ हुनुपर्नेमा मुल्याङ्कन दर भन्दा घटि दरमा १८००० गोटा ईट्टा खरिद बिल संलग्न रहेको र मानुङ्ग होमस्टे भवन निर्माणको Bricks Masonry काम १४ घ मि मा जम्मा ईट्टा प्रयोग ७८४० हुनु पर्नेमा मुल्याङ्कन दर भन्दा घटि दरमा ८००० गोटा ईट्टा खरिद बिल संलग्न रहेको छ। यस सम्बन्धमा थुर्प गुरुङ्ग समाज भवन निर्माण र मानुङ्ग होमस्टे निर्माण कार्यमा मुल्याङ्कन रकम बरावर कायम हुने गरी क्रमश: ४५८८ गोटा र ६० गोटा गरी जम्मा ४६४८ गोटा ईट्टा आवश्यकता भन्दा बढि खरिद भएको देखिन्छ। यसरी प्रति गोटा रु११.७ को दरले जम्मारु. ५४३८१.६ मा बढि खरिद भएको ४६४८ गोटा ईट्टा को प्रयोग भए नभएको सम्बन्धमा प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नु पर्ने रु | ५४,३८२ |

| **भौ न** | **योजनाको नाम** | **व्रिक वर्कको काम (घनमि)** | **व्रिक प्रयोग प्रति ध मि** | **प्रयोगमा आएका इट्टा** | **खरिद भएको ईट्टा** | **विल अनुसारको दर** | **बढि खरिद भएको ईट्टा** | **वढी भुक्तानी मुअ कर सहित** |
|---|---|---|---|---|---|---|---|---|
| ६०४ | थर्पु गुरुङ् समाज भवन निर्माण | २३.९५ | ५६० | १३४१२ | १८००० | ११=७ | ४५८८ | ५३६८० |
| ६५५ | मानुङ्ग होमस्टे भवन निर्माण | १४ | ५६० | ७८४० | ८००० | ११=७ | ६० | ७०२ |
| | **जम्मा** | | | | | | | ५४३८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **सडक निर्माणको ट्याककोट कार्यमा बढि भुक्तानी:**<br>भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतकोसडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४०देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालका अन्तर्गत उपभोक्ता समिति वा निर्माणसेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिल्ङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा ०.७३ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानीगर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ४० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु५५१२२बढी भुक्तानी भएको रकम उपभोक्ता समिति र निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु | १४८,३२२ |

| गो भौ नं | योजनाको नाम | निर्माण सेवा /उ स को नाम | ट्याककोट दिएको (लिटर) ब मी | ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत) | ट्याक कोट वढी लिएको लिटर | ट्याककोट को दर प्रति लिटर (मुअकर समेत) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १३६ | छाङ्गपाटन नयाँ वस्ती सिरुवास मोटरमार्ग निर्माण | हरिशान्ती कन्सक्ट्रक्सन | ४२०० | २५२० | ३०६६ | ५० | २७००० |
| १६४ | छाङ्गपाटन देखि बैकुण्ठे सम्म सडमा कालोपत्रे | छाङ्गपाटन देखि बैकुण्ठे सम्म सडमा कालोपत्रे उ स | १४०५.९८ | ८४३.५८८ | १०२६.३७ | १५३.८६ | २८१२२ |
| २३९० | धएरे किल्चोक सडक मार्ग | हरिशान्ति कन्सक्ट्रक्सन | २७५८.९४ | १६५५.३६ | २०१४ | १४५.४८ | ५२१७५ |
| ३ | बडहरे माछापुच्छ्रे बाघखोर भैसि खर्क चार हजार बाँध सडक | पारस निर्माण सेवा | २१५९.६७ | १२९५ | १५७७ | १४५.४८ | ४१०२५ |
| | **जम्माः** | | | | | | **१४८३२२** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>
ईटाँमा न्यून विजकिकरण:<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएकोमा इट्टाको काममा खर्चका विलपरिक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्युन मात्रामा विजक पेश गरेको देखियो। इट्टाको काममा जिल्ला दररेटमा १६.७५ रहेको छ तर विजक परिक्षण गर्दा प्रति इट्टा रु ११.७ भित्र खरिद गरेको देखिएकोमा समेत रु १६.७५ को दरले मुल्यांकन गरी भुक्तानी दिएको छ। पालिकाले विल अनुसारको मुल्यांकन गरी न्युन विजकीकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा Bricks Masonry मा विलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु १०७२२२ बढि भुक्तानी भएको छ साथै उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दरमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी भएकोले बढि दरमा मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>योजनाको नाम</th><th>व्रिक वर्कको काम (घनमि)</th><th>व्रिक प्रयोग प्रति ध मि</th><th>प्रयोगमा आएका इट्टा</th><th>जिल्लादररेट</th><th>विल अनुसारको दर</th><th>फरक दर</th><th>वढी भुक्तानी</th><th>बढि भुक्तानी मु अ कर</th></tr>
<tr><td>६०४</td><td>थर्पु गुरुङ् समाज भवन निर्माण</td><td>२३.९५</td><td>५६०</td><td>१३४१२</td><td>१६.७५</td><td>११.७</td><td>५.०५</td><td>६७७३०</td><td>७७९५</td></tr>
<tr><td>६५५</td><td>मानुङ्ग होमस्टे भवन निर्माण</td><td>१४</td><td>५६०</td><td>७८४०</td><td>१६.७५</td><td>११.७</td><td>५.०५</td><td>३९५९२</td><td>४५५५</td></tr>
<tr><td></td><td colspan="6">जम्मा</td><td></td><td>१०७३२२</td><td>१२३५०</td></tr>
</table>
</td><td>१२,३५०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>
विल भन्दा वढी भुक्तानी<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पलिकाले भौ.नं १८/०७७/७/२ स्किल नेट प्रा.लिलाई ल्यापटप,कम्प्युटर खरिद गर्दा विल अनुसार रु ४७८००० भुक्तानी गर्नुपर्नेमा रु ४८५९०० भुक्तानी गरेकोले विलभन्दा वढी भुक्तानी भएको रु ७९०० र भौ.नं ९४/०७७/१२/१२ मिर्रा कन्सल्ट प्रा.लीलाई सुधारिएको चुलो कार्यक्रमको विल भुक्तानी गर्दा विल अनुसार रु २९६६२५ भुक्तानी गर्नुपर्नेमा रु ३००००० भुक्तानी गरेकोले देखिन्छ यसरी विलभन्दा बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु
</td><td>११,२७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>सुरक्षित आवास कार्यक्रम<br>१९७।२०७८।०३।२२सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ।पालिकाले यस वर्ष वडा नं ७ का १३२ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु३०५०० का दरले सुरक्षीत नागरिक आवास अनुदान रकम वापत जम्मा रु.४०२६०००।०० उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>औषधि खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ । ५ लाख भन्दा कममा टुक्रा गरि रु १५६१२६६ को औषधि खरिद गरेको देखिन्छ । सोझै खरिद कार्य गर्दा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले औषधि खरिद गर्दा प्रतिस्पर्धात्मक हुने गरी गर्नुपर्दछ ।
<table>
<tr><th>भौ न र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७४।०७७।११।१६</td><td>चिराग फार्मेसी</td><td>३९९६८२</td></tr>
<tr><td>१४२।०७८।२।२३</td><td>प्रज्ञान ट्रेड कर्न्सन</td><td>१३३८३६</td></tr>
<tr><td>१५३।०७८।३।३</td><td>चिराग फार्मेसी</td><td>२९९५२७</td></tr>
<tr><td>१६६।०७८।३।१३</td><td>पपुलर आयुर्वेद सेन्टर</td><td>४९९९३६</td></tr>
<tr><td>२४७।०७८।३।२६</td><td>प्रज्ञान ट्रेड कर्न्सन</td><td>२२८२८५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५६१२६६</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **दर भन्दा वढी भुक्तानी**<br>सार्वजनिक खरिद नियम अनुसार १ लाख भन्दा माथिको सेवा परामर्श खरिद गर्दा कम्तिमा ३ सेवा प्रदायकबाट कोटेसन माग गरि सेवा परामर्श खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकोले उक्त सेवा परामर्श खरिद प्रक्रियगर्दा खरिद नियमावलीको पालना गरेको देखिदैन ।पालिकाले नयाँ लघु उद्यम सिर्जना कार्यक्रम अन्तर्गत भौ.नं २१५/०७८/३/२४ बाट वाड नं ४ गैह्रा गाँउमा ३५ घरधुरीलाइ अतिथि सत्कार तथा होमस्टे व्यवस्थापन र कुकिङ तालिम संचालन गर्न सम्पदा नेपाल प्रा.लिसँग रु २९९७०० मा सम्झौता भएको देखिन्छ । यस कार्यक्रममा सम्पदा नेपाल प्रा.लि लाई भुक्तानी गर्दा उक्त खर्च कुन कुन शिर्षकमा भएको, प्रशिक्षक,संयोजनक,अनुगमनकर्ता को को रहेको भनी उल्लेख नभई सम्पदा नेपालको एकमुस्ट विलका आधारमा भुक्तानी भएकोले सम्पदा नेपाल प्रा.लिको प्रस्तावनामा उल्लेख गरिएको खर्चको विवरणलाई आधार मान्दा कार्य संचालन निर्देशिका भन्दा वढी भुक्तानी भएको देहायअनुसारको रकम असुल गर्नुपर्ने रु | ४०,८०० |

| विवरण | हुनुपर्ने दर | भुक्तानी भएको दर | परिमाण | वढी भुक्तानी |
|---|---|---|---|---|
| प्रशिक्षकको पारिश्रमिक | १३०० | २००० | २४ | १६८०० |
| संयोजक भत्ता | ३०० | १५०० | ५ | ६००० |
| प्रतिवेदन लेखन | १००० | २५०० | २ | ३००० |
| तालिम अनुगमन तथा मुल्याङ्कन | ० | १५००० | १ | १५००० |
| जम्मा | | | | ४०८०० |

पालिकाले संचालन गर्ने शशर्त तर्फका अन्य कार्यक्रममा पनि संघिय सरकारको नर्म्स पालना गर्ने गरेको नदेखिएकोले शशर्त वजेट खर्च गर्दा संघिय कार्यविधि पालनामा ध्यान दिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>वढी ग्रेड भुक्तानी<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २००७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानिय तहका कर्मचारी र संघबाट काजमा स्थानिय तहमा कामकाज गर्न खटाईएका कर्मचारिहरुको तलवि प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णयवमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमा म्याग्दे गाँउपालिकामा कार्यरत निजामति कर्मचारीको तलवि प्रतिवेदन पालिकालेनै पारित गरि तलव भुक्तानी गरेको छ । पालिकाबाट पारित तलब प्रतिवेदन भन्दा वढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि.न</th><th>कर्मचारीको नाम</th><th>भुक्तानी हुनुपर्ने ग्रेड</th><th>भुक्तानी भएको ग्रेड</th><th>वढी भुक्तानी ग्रेड</th><th>ग्रेड वृद्धि हुने महिना</th></tr>
<tr><td>1</td><td>सावित्री घिमिरे</td><td>६५८०</td><td>७५२०</td><td>११२८०</td><td>असाढ</td></tr>
<tr><td>२</td><td>पार्वती श्रेष्ठ</td><td>४७००</td><td>५६४०</td><td>१०३४०</td><td>जेष्ठ</td></tr>
<tr><td>३</td><td>श्यामकृष्ण जोशि</td><td>८८३४</td><td>१००९६</td><td>८८३४</td><td>माघ</td></tr>
<tr><td>४</td><td>सम्झना सुवेदी</td><td>५६४०</td><td>६५८०</td><td>६५८०</td><td>माघ</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३७०३४</td><td></td></tr>
</table></td><td>३७,०३४</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>निक्रिय खाताः<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्य निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने ब्यवस्था छ । पालिकाले ३ वटा वैक मार्फत सामाजिक सुरक्षा वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा ज्योती विकास वैकमा १६९ जना तथा एनआइसी एसिया वैकमा ४ गरी १७३ खाता निस्कृय रहेको र उक्त खातामा रु.१०७८३७१।०० रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण पालिकामा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१,०७८,३७१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **निकासा पछिको मृत्यु भत्ता असुलीः**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चातको अवधिको पनि भत्ता निकासा गरेकोले मृत्युपश्चातको अवधिको सामाजिक सुरक्षा भत्ता सम्वन्धितवाट असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.. | ५१,२०० |

| सि नं | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | मृत्यू मिति | वढी वुझेको रकम | वढी वुझेको चौमासिक |
|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | हरीमाया खनाल | १ | २०७७।०५।१७ | १२००० | दोस्रो चौमासिक |
| २ | ज्येष्ठ नागरिक | रामप्रसाद खनाल | १ | २०७७।०९।१७ | १९३०० | दोस्रो र तेस्रो |
| ३ | ज्येष्ठ नागरिक | वल व सार्की | ७ | २०७७।०९।११ | १९९०० | दोस्रो र तेस्रो |
| | | | | जम्मा | ५१२०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>
अनुगमन र सम्परीक्षण<br><br>
अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छः<br><br>
(रु. हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th><th>यो वर्ष थप</th><th>हालसमको जम्मा</th></tr>
<tr><td>११८२०</td><td>१२१२</td><td>१०६०८</td><td>४५५८</td><td>१५१६६</td></tr>
</table>
यस वर्ष फछ्यौंट भएको वेरुजूको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ व</th><th rowspan="2">वेरुजू दफा नं.</th><th rowspan="2">वेरुजूको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्यौंटको आधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>1.</td><td rowspan="2">०७६।०७७</td><td>१५</td><td>बिल वेगर भुक्तानी दिन नमिल्ने बिमा शुल्क</td><td>३८००००</td><td>१००००</td><td>०</td><td>०</td><td>३९००००</td></tr>
<tr><td>२</td><td>१९</td><td>बैठक भत्ता वापत भुक्तानी रकम असुल गरि बैंक दाखिला भएको</td><td>३२३००</td><td>०</td><td>०</td><td>०</td><td>३२३००</td></tr>
<tr><td>३</td><td rowspan="2">०७५।०७६</td><td>३२=३</td><td>कार्यसम्पन्न प्रतिवेदन संलग्न नभई कायम भएको बेरुजु</td><td>०</td><td>७०००००</td><td>०</td><td>०</td><td>७०००००</td></tr>
<tr><td>४</td><td>३६</td><td>बढि भुक्तानी रकम बैंक दाखिला प्रमाण पेश</td><td>२८५०</td><td>०</td><td>०</td><td>०</td><td>२८५०</td></tr>
<tr><td>५</td><td>०७३।०७४</td><td>१=८</td><td>पेश्की फछ्यौंट भएको विवरण पेश</td><td>०</td><td>०</td><td>०</td><td>८७०००</td><td>८७०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४१५१५०</td><td>७१००००</td><td>०</td><td>८७०००</td><td>१२१२१५०</td></tr>
</table>
</td><td></td></tr>
</table>